विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँट, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं. :-

मिति :-

## ५० % अनुदानमा गहुँको उन्नत बीउ माग गर्ने सम्वन्धी सूचना !!!

**सूचना नं – ९२**

**प्रथम पटक प्रकाशित मिति २०८०/०६/०५**

विहादी गाउँपालिका कृषि विकास शाखाको चालु आ.व २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **"खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान"** कार्यक्रम अन्तर्गत ५० % अनुदानमा गहुँको उन्नत जातको बीउ बितरणका लागि माग संकलन गर्नुपर्ने भएकोले ईच्छुक विहादी गाउँपालिका भित्रका कृषि सहकारी,कृषक समूह,कृषि फर्म र व्यवसायिक कृषकहरुले यो सूचना प्रकाशन भएको **मितिले १५ दिन (मिति २०८०/०६/१९गते) भित्र** विहादी गाउँपालिका वा सम्वन्धित वडा कार्यालयहरुमा उपलब्ध हुने निवेदनको ढाँचा भरि आफुलाई पायक पर्ने स्थानहरु (गाउँपालिका वा सम्वन्धित वडा कार्यालय ) मा तपशिल बमोजिमको प्रक्रिया पुऱ्याई निवेदन पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि समावेश नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउदछौ ।

तपशिलः

| क्र.स | कार्यक्रम | गहुँ बालिका जातहरु | उन्नत बीउ प्रयोगकर्ता कृषकलाई उपलब्ध हुने मुल्य अनुदान (रु प्रति के.जी.) | कैफियत |
|---|---|---|---|---|
| १. | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम (गहुँको उन्नत बीउ वितरण) | गौतम,विजय,वाणगंगा,एन.एल.९७१, डब्लु.के.१२०४,बि.एल.४३४१,आदित्य ,जिङ्कगहुँ-१,जिङ्क गहुँ-२,वोर्लोग २०२०,भृकुटी,स्वर्गद्धारी,धौलागिरी, डाँफे,पासाङल्हामु,मुनाल,मुडुले १, कौटिला,तिला,सुर्मा,भेरीगंगा,हिमगंगा ,खुमलशक्ति र अच्युत। | अधिकतम मुल्य (रु ७० प्रति के.जि )का आधारमा निर्देशिकाको दफा १० को उपदफा ५ को खण्ड (छ), (ज),तथा (झ) अनुसार कायम हुने मुल्यको ५०% अनुदान | बीउ बिजन आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८ |

आवश्यक कागजातहरु

- बीउको आवश्यक परिमाण र जात खुल्ने गरि कार्यक्रम मागको निवेदन।
- नागरिकताको प्रतिलिपी / कृषक वर्गिकरण परिचयपत्रको प्रतिलिपी ।
- सम्वन्धित वडाको सिफारिस ।
- समूह / सहकारीको हकमा कार्यक्रम माग गर्नका लागि समूहको निर्णय,दर्ता/नविकरण प्रमाणपत्र,करचुक्त प्रमाणपत्रहरुको प्रतिलिपी।
- गहुँ लगाउने क्षेत्रफल तथा स्वामित्व खुल्ने जग्गाको कागजातको प्रतिलिपी।

**पूनश्चः माग संकलन भएपछि इच्छुक कृषकले आफूले खरिद गर्ने गहुँको मूल्यको ५०% ले हुन आउने रकम गाउँपालिकामा बुझाएपछि मात्र खरिद गरी वितरण गरिने छ ।**

राम प्रसाद शर्मा काँडेल
प्रमुख प्रशासकीय अधिकृत